गाउँसभाका सभाध्यक्ष ज्यू,
तथा सदस्य ज्यूहरु,

नेपालको संविधानले संघीय शासन व्यवस्था अर्न्तगत राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्नेगरि तिनवटै तहको एकल तथा साझा अधिकार किटान गरेको छ । तिनवटै तहका सरकारले संविधान र कानूनको सिमा भित्र रहि स्वतन्त्र रुपमा अधिकारको प्रयोग गर्ने अवसर पाएका छन ।

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय तहमा विधायीकि कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भई कार्यान्वयनमा रहेको छ ।

स्थानीय तहमा जनप्रतिनिधीहरुको बहाली संगै संविधानमा व्यवस्था भएको संघीय लोकतान्त्रिक गणतन्त्र र संघीयताको कार्यान्वयन गर्दै स्थानीय सरकार सञ्चालन गर्नुपर्ने अभिभार हामी जनप्रतिनिधि उपर आएको छ । लोकतान्त्रिक, समावेशी, जवाफदेही र प्रभावकारी स्थानीय शासनको अनुभुती जनतालाई गराउने दायित्व जनप्रतिनिधिमा रहेको छ ।

सभाध्यक्ष महोदय,
स्थानीय तहको निर्वाचन मार्फत जनप्रतिनिधिहरुले स्थानीय तह सम्हालेको एक वर्ष पुगेको अवसरमा धुर्कोट गाउँपालिकाको समृद्धि र विकासका लागि आय व्यय समेटिएको बजेटको दस्तावेज उपाध्यक्षको हैसिएतले यस सम्मानित सभामा पेश गर्न पाउदा अत्यन्त गौरवान्वित भएकोछु ।

यस महत्वपूर्ण अवसरमा राजनैतिक परिवर्तन र स्थायीत्वका लागि आफ्नो जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

***उत्पादन गरौ, आत्मनिर्भर बनौ, समृद्ध धुर्कोट हामी मिली बनाऔं*** भन्ने दिर्घकालीन उद्देश्य अनुरुप आर्थिक समाजिक विकासको मौलिक ढाँचामा धुर्कोट गाउपालिका अगाडी बढिरहेकोछ । यसै अनुरुप हामीले जनप्रतिनिधि भई स्थानीय तहमा जिम्मेवारी लिईरहेको अवस्थामा जनताको हामी प्रति उच्च अपेक्षा रहनु स्वभाविक हो । यद्यपि सिमित स्थानीय श्रोत साधनमा धुर्कोटका जनताहरुका अधिकतम आकांक्षाहरुलाई सम्बोधन गर्नुपर्ने चुनौती हामी माझ रहेको छ । धुर्कोट गाउँपालिका भित्रका सबै क्षेत्र, वर्ग र समुदायका महत्वपूर्ण आवश्यकताहरुलाई उपलब्ध सिमित श्रोत र साधनले सामाजिक न्यायका साथै जनताहरुको जिवनस्तर वृद्धि र आत्म निर्भर बनाउने मान्यताका साथ यो बजेट तर्जुमा गरिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

बजेट तर्जुमाका क्रममा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, धुर्कोट गाउँपालिकाको नीति तथा कार्यक्रमका साथै सभाका सदस्य ज्यूहरुले दिनुभएको उल्लेखनीय सुझावहरुलाई मार्ग दर्शनको रुपमा लिएको छु ।

राजनैतिक दलहरु, संघसंस्था, धुर्कोट गाउँपालिका राष्ट्र सेवक कर्मचारी वर्ग, नागरिक समाज, बुद्धिजिवी, पत्रकार र धुर्कोट गाउँपालिकाका आदरणीय बुबा आमा, दिदी बहीनी र दाजुभाईहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत आधार मानेर निर्माण भएको व्यहोरा सम्मानित सभामा राख्न चाहान्छु । यसको अलवा संघीय र प्रदेश सरकारबाट प्राप्त मार्ग दर्शन, स्थानीय आर्थिक अवस्था र आन्तरीक आयको अवस्था समेतको आधारमा रहि बजेट निर्माण गरेको छु ।

सभाध्यक्ष महोदय,
अब म धुर्कोट गाउँपालिको चालु आर्थिक वर्षको प्रगति बारेमा संक्षिप्त जानकारी गराउँन चाहान्छु ।

आयआर्जन तर्फ बाखापालन फम सुदृढीकरण , बाखापालन खोर निर्माण , गाई भैसीको भकारो सुधार कार्यक्रम, स्थानीय कुखुरा खोर सुधार , टर्की कुखुरा फर्म , मासु पसल सुधार, डालेघाँस नर्सरी स्थापना, दुध डरी, डी फ्रीज खरीद र भवन निर्माण वडा नं ४ मा भएको छ साथै हाडहाडेमा पशु बाँजोपन निवारण स्वास्थ्य शिविर संचालन भएको छ ।

खानेपानी तथा सरसफाई तर्फ यस चालु आर्थिकमा ४५ वटा खानेपानी योजनाहरु संचालन रहेकोमा लिफ्ट खानेपानी ८ वटा संचालन मध्ये ३ वटा लिफ्ट खानेपानी क्रमागतमा रहेका छन् । साथै एक घर एक धारा कार्यक्रमबाट ४५० घरधुरी लाभान्वित भईसकेका र अरु बाकी घरधुरीको लागि योजना संचालनमा रहेका छन् ।

खेलकुद तर्फ यस चालु आर्थिक वर्षमा ३ वटा खेलमैदान निर्माण कार्य सम्पन्न भएका छन् ।
संस्कृति प्रवर्द्धन तर्फ यस चालु आर्थिक वर्षमा १० वटा योजनाहरु संचालन तथा सम्पन्न भएका छन् ।

सडक तर्फ यस चालु आर्थिक  वर्षमा ५५ वटा योजनाहरु संचालन भएका छन् जस मध्ये ७ योजनाहरु क्रमागत योजना रहेका छन् ।
सिंचाई तर्फ यस चालु आर्थिक वर्षमा साना ठुला गरि ३७ वटा योजना सम्पन्न भएका छन् ।
यस चालु आर्थिक वर्षमा १, २,४ र ७ वडाका वडा कार्यालय भवनहरु तारवार गरिएकोछ । गाउँपालिकाको सभाहल भवन  र शौचालय निर्माण तथा रेडियो संचालन भवन निर्माणाधिन रहेकोछ । त्यस्तै धुर्कोट गाउँपालिका भित्र रहेका खरका छानालाई विस्थापित गर्ने कार्यक्रम नियमिति संचालन भईरहेका छन् ।

सभाध्यक्ष महोदय,

अव म  आगामी आर्थिक वर्ष २०७५/७६ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका उद्देश्यहरु निम्न अनुसार प्रस्तुत गरेकोछु ।

क) धुर्कोट गाउँपालिका भित्रमा बसोबास गर्ने सम्पूण नागरिकका मौलिक हककोरुपमा जीवनयापनका न्यूनतम आधारभूत आवश्यकताहरु संबोधन गर्ने,
ख) साधन , स्रोत र क्षमताको उच्चतम उपयोग गरि समृद्ध मानविय विकास गर्ने ।
ग)  सामाजिक, भौतिक र आर्थिक विकास गरि समृद्ध धुर्कोट निर्माण गर्ने ।

अव म  आगामी आर्थिक वर्ष २०७५/७६ को बजेटका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका प्राथमिकताहरु निम्न अनुसार प्रस्तुत गरेकोछु ।

- गरिबी न्यूनीकरण रोजगारी सिर्जना र आयआर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुर्‍याउने ।
- स्थानीय स्रोत साधन, श्रम, सीप र प्रविधिमा आधारित ।
- जनसहभागिता अभिवृद्धि गर्ने ।
- संस्कृति र पहिचानको प्रवर्द्धन गर्ने ।

- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पऱ्याउने ।
- क्रमागत उत्पादनमूलक र छिटो प्रतिफल दिने ।
- आन्तरीक राजस्व वृद्धि र परिचालनमा योगदान पऱ्याउने ।

सभाध्यक्ष महोदय,

**अब म आ.व.०७५।७६ का लागि धुर्कोट गाउँपालिकाको अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न गईरहेको छु :**

**आयतर्फ : संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान तर्फ रु. ८ करोड ३३ लाख, शसर्त अनुदान रु. १६ करोड ७६ लाख, संघीय सरकारबाट राजश्व बाडफाड बाट रु. ५ करोड ८९ लाख, प्रदेश सरकार बाट वित्तीय समानीकरण अनुदान रु. ४० लाख ९६ हजार, शसर्त अनुदान (पुजीगत ) रु.९६ लाख, प्रदेश सरकारबाट राजश्व बाडफाड बाट रु.४५ लाख ९५ हजार ,आन्तरिक राजश्वबाट रु.२५ लाख र गत आ.व २०७४/०७५ को वैंक मौज्दात (अनुमानित) रु १ करोड रुपैया गरी जम्मा आय ३४ करोड ५ लाख ९१ हजार रुपैया रहेको छ ।**

**व्यय तर्फः**
**चालु खर्चः** विषयगत कार्यालयको सशर्त अनुदान **१६ करोड ७६ लाख** रुपैयाँ, गाउँपालिकाको चालुखर्च ४ **करोड २० लाख ७२ हजार रुपैया गरी जम्मा रु. २० करोड ९६ लाख ७२ हजार विनियोजन गरेको छु ।**
**पुजीगत खर्च :** समष्टिगत पूँजिगत खर्च **१३ करोड ९ लाख १९ हजार रुपैयाँ** गरि जम्मा व्यय **३४ करोड ५ लाख ९१ हजार रुपैया र**हेको छ ।
**सभाध्यक्ष महोदय,**
अब म यस बजेट बक्तव्यमा भएका मुख्य मुख्य योजनाहरुलाई साराशंमा उल्लेख गर्न चाहन्छु ।
विकास कार्यलाई दिगो, व्यवस्थित र टिकाउ बनाउनका लागि सर्वप्रथम गौरवका आयोजना तर्फ रु १ करोड ४१ लाख, गत आ.ब २०७४/०७५ मा सम्पन्न हुन नसकेका क्रमागत योजना तर्फ रु. १ करोड ४० लाख, संघ, प्रदेश तथा विभिन्न दातृ निकाय सँग साझेदारीका लागि रु **६५ लाख,** गाउँपालिका भित्रका पूर्वाधारहरुको मर्मत संभारका लागि **मर्मत संभार कोष रु १९ लाख , कन्टिन्जेन्सी रु २५ लाख , आर्थिक विकास** विना विकासको परिकल्पना गर्न सकिदैन । विकासको मेरुदण्ड भनेकै अर्थतन्त्रको सुद्धढीकरण हो । कृषि,उद्योग तथा वाणिज्य,पर्यटन,सहकारी र वित्तिय क्षेत्र आर्थिक विकासका विविध क्षेत्र हुन् । यि क्षेत्रहरुको विकासका लागि **आर्थिक विकास तर्फ १ करोड ४४ लाख २६ हजार** रुपैयाँ छुट्याएको छु । भौतिक विकास र सामाजिक विकासलाई समानान्तर ढङगबाट अघि बढाउन सकिएन भने सन्तुलित विकास हाँसिल गर्न सकिदैन । साथै सामाजिक विकासले सम्पूर्ण विकास कार्यलाई संस्थागत गर्ने कार्य गर्दछ । त्यसैले **सामाजिक विकास तर्फ २ करोड ५७ लाख १२ हजार** रुपैयाँ विनियोजन गरेको छु । विकासका आधारभूत पूर्वाधारहरुलाई व्यवस्थित गर्नुपर्ने हुन्छ । यहि मान्यतालाई आधार मानेर **पूर्वाधार विकास तर्फ ३ करोड १२ लाख ७७ हजार** रुपैयाँ विनियोजन गरेको छु । पूर्वाधार विकास अन्तर्गत स्थानीय सडक,सिचाई,भवन तथा सहरि विकास,उर्जा लघु तथा साना जलविद्युत र सञ्चार क्षेत्रका योजनाहरु समेटिएका छन् ।
हाम्रा हरेक क्रियाकलाप वातावरणमैत्री हुनेछन् भनि नीती तथा कार्यक्रममा पनि उल्लेख गरिएको छ । वातावरणमैत्री दीगो विकासलले मात्र टिकाउ र प्रतिफलमूलक हुन्छ । वातारण क्षेत्रका वन तथा भु संरक्षण, जलाधार संरक्षण,वातावरण संरक्षण,जलवायु परिवर्तन,फोहोरमैला तथा ढल व्यवस्थापन तथा विपद व्यवस्थापन लगायतका लागि **वन, वातावरण तथा विपद ब्यवस्थापन तर्फ ४९ लाख ४२ हजार रुपैयाँ** विनियोजन गरेको छु ।
संस्थागत विकास सेवा प्रवाह र शुसासन मार्फत लोकतन्त्रहरुको लाभहरुको आधिकारिक वितरण गर्दै नागरिकमुखि सेवा प्रदान गर्न सकिएमा संस्था प्रति नागरिकको अपनत्व विकास हुन्छ भन्ने विश्वास लिइएको छ । दैनिक सेवा

प्रवाहका कार्यहरुलाई सहज सरल र व्यवस्थित बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सम्पूर्ण वडा कार्यालयहरु अनलाईन प्रणालीमा लैजान तथा न्यायिक कार्यलाई प्रभावकारी बनाउन मेलमिलाप केन्द्र स्थापना गर्न, जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता अभिवृदि गर्न **सुशासन तथा संस्थागत विकास तर्फ १ करोड ५५लाख ६२ हजार रुपैयाँ** विनियोजन गरेको छु ।

अन्त्यमा, आ.व २०७५/०७६ को बजेट तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधिहरु,राजनीतिक दलहरु, कर्मचारीहरु, शिक्षक, वुद्धिजिविहरु,आम नागरिक, सुरक्षाकर्मी लगायत पत्रकार ज्यू हरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## धन्यवाद ।।।

शिव बहादुर खत्री
उपाध्यक्ष
धुर्कोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बर्वोट, गुल्मी